२०८२

# बहुकक्षा बहुस्तर शिक्षण पद्धतिमा आधारित कस्टमाइज्ड तालिम पाठ्यक्रम

## आधारभूत तह कक्षा १-५

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

## विषयसूची


| क्र. स . | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २ . | तालिम सक्षमता | १ |
| ३ . | तालिमका विषयवस्तु | २ |
| ४ . | तालिम कार्यान्वयन कार्यविधि | ३ |
| ५. | तालिम मूल्याङ्कन | ४ |
| ६ . | कार्ययोजना तथा प्रतिबद्धता | ४ |

## १. परिचय

नेपाल एक बहुजातीय, बहुभाषिक र भौगोलिक विविधता भएको देश हो। त्यसैले कक्षाकोठामा पनि विभिन्न भाषा, संस्कृति र पृष्ठभूमि भएका विद्यार्थी हुन्छन् । यस्तो अवस्थामा शिक्षकले बालबालिकाको विविधता पहिचान गरी प्रत्येक बालबालिकाको शैक्षिक, सामाजिक, सांस्कृतिक पृष्ठभूमिअनुसारको सिकाइ वातावरण तयार गर्न सक्नुपर्छ । विद्यार्थीको पठनपाठन कार्यलाई निरन्तरता दिन र उनीहरूले गुणस्तरीय शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न विभिन्न विकल्पहरूमध्ये बहुकक्षा बहुस्तर (Multi Grade Multi Level-MGML) शिक्षण विधि पनि उपयुक्त विकल्प हुन सक्छ । बहुकक्षा बहुस्तर शिक्षण विधिमा एकै समयमा फरक फरक कक्षा र सिकाइ स्तर भएका विद्यार्थीलाई कक्षाकोठामा राखी शिक्षण सिकाइ गरिन्छ । यो विधिलाई कक्षाकोठा वा शिक्षकको अभावमा पनि शिक्षण गरिने विधिका रूपमा मात्र नभई प्रभावकारी शिक्षणका लागि वैकल्पिक शिक्षण विधिका रूपमा पनि लिइन्छ। यसले "सबैलाई एउटै विधि" भन्दा पनि "जसलाई जे आवश्यक छ त्यही विधि" मा जोड दिन्छ । यस विधिमा शिक्षण सिकाइ गर्नका लागि पाठ्यक्रममा आधारित भई रुजुसूची, सिकाइ सिँढी, सिकाइ कार्ड, समूह कार्ड जस्ता विभिन्न सामग्रीको विकास गरिएको हुन्छ । यस विधिको मुख्य विशेषता विद्यार्थीलाई उनीहरूको वास्तविक सिकाइ क्षमता वा स्तरका आधारमा समूह विभाजन गरी सिकाइ सहजीकरण गर्नु हो । यसमा शिक्षकको पूर्ण सहयोग समूह, शिक्षकको आंशिक सहयोग समूह, सहपाठी सहयोग समूह र स्वयम् सिकाइ समूह गरी चार गतिशील समूहमा शिक्षण गरिन्छ । शिक्षक पेसागत विकास प्रारूप, २०८० को मर्मअनुसार शिक्षकहरूमा पेसागत दक्षता वृद्धि गर्नका लागि बहुकक्षा बहुस्तरसम्बन्धी विधिको उपयोग गर्न यो कस्टमाइज तालिम पाठ्यक्रम विकास गरिएको हो ।

यस पाठ्यक्रममा शिक्षकलाई बहुकक्षा बहुस्तर शिक्षण पद्धतिको अवधारणा र सिकाइ सामग्री, बालमैत्री प्रविधिमैत्री तथा समावेशी बहुकक्षा बहुस्तर शिक्षण कक्षाकोठा व्यवस्थापन, विषयगत सिकाइ सामग्रीको परिचय र प्रयोग, विद्यार्थी मूल्याङ्कन र नमुना शिक्षण अभ्यास जस्ता विषयवस्तु समेटिएका छन् । यस पाठ्यक्रमअनुसार शिक्षक तालिम सञ्चालनपश्चात् शिक्षकहरूमा सीमित स्रोत र साधनका बिच धेरै कक्षाका विद्यार्थीलाई एउटै कक्षाकोठामा बालमैत्री प्रविधिमैत्री र समावेशी सिकाइ वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षा दिने सिपको विकास हुने अपेक्षा राखिएको
छ ।

## २. तालिमका सक्षमता

यो तालिम पूरा गरेपछि सहभागीहरूमा निम्नलिखित सक्षमता हासिल हुने अपेक्षा गरिएको छः

(क) बहुकक्षा बहुस्तर शिक्षण पद्धतिको अवधारणा बोध र प्रयोग

(ख) बालमैत्री, प्रविधिमैत्री तथा समावेशी बहुकक्षा बहुस्तर शिक्षणको बोध र व्यावहारिक अभ्यास

(ग) बहुकक्षा बहुस्तर शिक्षणमा प्रयोग गरिने विषयगत सिकाइ सामग्रीको पहिचान र सन्दर्भअनुकूल उपयोग

(घ) विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनका साधनको पहिचान, प्रयोग र अभिलेखीकरण

**३ तालिमका विषयवस्तु**

| क्र.स . | मुख्य विषयवस्तु | विस्तृतीकरण | भार (सत्र) |
|---|---|---|---|
| १. | **बहुकक्षा बहुस्तर शिक्षण पद्धतिको अवधारणा र सिकाइ सामग्री** | • बहुकक्षा बहुस्तर शिक्षण पद्धतिको अवधारणा, ऐतिहासिक पृष्ठभूमि, आवश्यकता र औचित्य, नीतिगत व्यवस्था, वर्तमान अवस्था<br>• सिकाइ सामग्री | १ |
| २ . | **बालमैत्री, प्रविधिमैत्री तथा समावेशी बहुकक्षा बहुस्तर शिक्षण सिकाइ कक्षाकोठा व्यवस्थापन** | • **MGML** कक्षाकोठा संरचना निर्माण<br>  • विविधता पहिचान र बालमैत्री समावेशी व्यवस्थापन<br>  • मनोवैज्ञानिक व्यवस्थापन<br>  • बसाइ व्यवस्थापनः कार्पेटिङ, चकटी भुइँबुल, मेच<br>  • सिकाइ सामग्री व्यवस्थापनः र्‍याक, ट्रे, सिकाइ सामग्री<br>  • विद्यार्थीको व्यक्तिगत शैक्षणिक पाटी, प्रदर्शनी पाटी, ह्याङ्गिङ, बुक कर्नर, विद्यार्थी कार्यसञ्चयिका व्यवस्थापन, सिकाइ बारग्राफ<br>• कक्षाकोठा व्यवस्थापनका साधन निर्माण र प्रयोग<br>  • उपस्थिति तालिका, क्यालेन्डर (मिति तालिका), जन्मदिन तालिका, उचाइ नाप्ने चार्ट, कार्यतालिका, समाचार आदानप्रदान तालिका, कक्षाकोठाको नियम, मौसम अभिलेख<br>• बिहानी बैठक सञ्चालन (शान्तिको कामना र समाचार आदान प्रदान) | २ |
| ३. | **विषयगत सिकाइ सामग्रीको परिचय र प्रयोग** | • **MGML** सिकाइ सामग्री (रुजुसूची, सिकाइ सिँढी, सिकाइ कार्ड, समूह कार्ड) निर्माण प्रक्रिया र प्रयोग<br>  ❖ नेपाली<br>  ❖ अङ्ग्रेजी<br>  ❖ गणित र<br>  ❖ हाम्रो सेरोफेरो<br>  ❖ सामाजिक तथा मानव मूल्य शिक्षा<br>  ❖ विज्ञान तथा प्रविधि | ९ |

| | | | |
|---|---|---|---|
| | | ❖ स्वास्थ्य तथा शारीरिक | |
| ४. | **विद्यार्थी मूल्याङ्कन** | • विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनका साधनको पहिचान, प्रयोग, अभिलेखीकरण र प्रस्तुतीकरण (दैनिक सिकाइ अभिलेख, मेरो काम, सिकाइ बारग्राफ, विद्यार्थी कार्यसञ्चयिका र सिकाइ प्रगतिको सम्प्रेषण) | १ |
| ५. | **नमुना शिक्षण अभ्यास** | • पाठ योजना निर्माण<br>• नमुना शिक्षण अभ्यास<br>• सूक्ष्म शिक्षण | २ |
| | **जम्मा** | | **१५** |

**४. तालिम कार्यान्वयन कार्यविधि**

(क) **तालिमको अवधि:** यो तालिम पाँच दिन अवधिको हुने छ। पाँचै दिन आमनेसामने पद्धतिबाट प्रदेश शिक्षा तालिम केन्द्र/ शिक्षा विकास तथा समन्वय एकाइ / स्थानीय तहमार्फत तालिम सञ्चालन हुने छ। प्रतिदिन तीन सत्रका दरले पाँच दिन अवधिमा १५ ओटा सत्रहरू सञ्चालन हुने छन्। प्रति सत्र एक घण्टा ३० मिनेटको हुने छ।

(ख) यस तालिमको लक्षित समूह बहुकक्षा बहुस्तर सञ्चालन भएका तथा भविष्यमा सञ्चालन गर्ने विद्यालयमा कार्यरत आधारभूत कक्षा १-५ मा अध्यापनरत शिक्षकहरू हुने छन्।

(ग) तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

- यस तालिमको कार्यान्वयन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुने छ।
- शिक्षा तथा मानव स्रोत विकास केन्दबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात् तीन सत्रसम्मको विषयवस्तु प्रदेश शिक्षा तालिम केन्द्र वा शिक्षा विकास तथा समन्वय एकाइ वा स्थानीय तहले स्थानीय सरोकारवालाहरूको परामर्शमा परिमार्जन तथा समायोजन गरी कार्यान्वयन गर्न सक्ने छ।

(घ) यस तालिमको कार्यान्वयन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुने छ।

(ङ) तालिम सहजीकरण

(अ) प्रदेश शिक्षा तालिम केन्द्रका विषय प्रशिक्षक वा रोस्टर प्रशिक्षक / स्थानीय तह वा शिक्षा विकास समन्वय एकाइका रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ । रोस्टर प्रशिक्षक छनोट गर्दा शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण) २०८० ले तोकेका आधार पूरा गरेको व्यक्ति हुनुपर्दछ ।

(आ) तालिमका सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।

(इ) तालिमका लागि आवश्यक पाठ्यक्रम, पाठ्यसामग्री तथा अन्य सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।

(ई) तालिम सञ्चालन गर्दा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधिको उपयोग गर्न सकिने छ:

- मस्तिष्क मन्थन
- प्रश्नोत्तर
- प्रदर्शन तथा नमुना अभ्यास शिक्षण
- छलफल तथा समूह कार्य
- परियोजना कार्य विधि
- भूमिका अभिनय
- मामला अध्ययन
- समस्या समाधान
- खेल विधि
- Zig Saw
- मस्तिष्क मन्थन
- Think-Pair-Share
- KWL Chart
- One stay other stray
- Walk it to know it
- Graffittee, gallery walk, value line, etc.

## ५. तालिम मूल्याङ्कन

(क) यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा उनीहरूले तालिमको क्रममा निर्वाह गरेको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिताका आधारमा गरिने छ । छलफल, समूह कार्य र प्रस्तुतिका साथै पूर्व परीक्षण तथा पश्च परीक्षण पनि मूल्याङ्कनका आधार हुने छन् ।

(ख) सहभागी शिक्षकहरूलाई तालिमपश्चात् तालिम सहभागिताको प्रमाणपत्र प्रदान गरिने छ ।

## ६. कार्ययोजना तथा प्रतिबद्धता

(क) सहभागीहरूले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपका आधारमा विद्यालयमा कार्यान्वय गर्न सकिने कम्तीमा पाँचओटा कार्यको कार्ययोजना बनाई प्रस्तुत गर्नुपर्ने छ ।

| क्र.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) सहभागीहरूले कार्ययोजनाबमोजिमका सुधारहरू गर्ने प्रतिबद्धता शिक्षा तालिम केन्द्र/स्थानीय तह/शिक्षा विकास तथा समन्वय एकाइसमक्ष गर्नुपर्ने छ ।

(ग) बहुकक्षा बहुस्तर पद्धतिमा आधारित भई पाठयोजना निर्माण र प्रयोग

(घ) सहभागी शिक्षकले जाहेर गरेको प्रतिबद्धता शिक्षा तालिम केन्द्र वा स्थानीय तह वा शिक्षा विकास समन्वय एकाइले विद्यालयलाई जानकारी गराई कार्यान्वयन गरे नगरेको अनुगमन तथा सहजीकरण गराउनुपर्ने छ ।

ΩΩΩ